का.जि.प्र.का.द.नं. १००/०५९/६०

२२ मंसिर २०८०,
शुक्रबार
8 December 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक ३०३ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# मनमा कुरा नराख्ने प्रचण्ड

*प्रधानमन्त्री जति पनि विवाद वा प्रश्नको घेरामा परेका छन् त्यसको कारण उनकै बोली हुने गरेको छ । मनमा कुरा राख्न नसक्ने भनी कतिपयले गर्ने गरेको टिप्पणी जस्तै उनी विषयहरु सार्वजनिक गर्छन् । कर्मचारीहरुको कामलाई देखाएर सरकारको काममा असन्तुष्ट रहेको बताइनु पनि त्यस्तै प्रवृतिको पछिल्लो उदाहरण भएको सरोकारवालाहरु बताउँछन् ।*



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २१ मंसिर ।

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सचिवहरुको कामप्रति असन्तुष्टि जनाएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा सरकारका सचिवहरुसँगको नियमित बैठकमा प्रधानमन्त्रीले आफूले पद सम्हालेपछि दिएका निर्देशन कार्यान्वयन नभएको भन्दै असन्तुष्टि जनाएका हुन् ।

‘मैले प्रधानमन्त्री भएपछि तपाईंहरुलाई दैनिक जीवनमा जनताले भोग्ने परिणामबाट हाम्रो कामको मूल्यांकन हुन्छ भनेको थिएँ, तर यसबीचका कामहरु त्यति उत्साहबर्द्धक त छैनन् नै कतिपय सन्दर्भमा सन्तोषजनक पनि छैनन्,’ प्रचण्डले भनेका छन् ।

सार्वजनिकरुपमै प्रधानमन्त्रीले सचिवहरुको काम सन्तोषजनक काम नभएको भनेपछि कतिपयले प्रश्न उठाएका छन् । ‘कार्यकारी प्रमुखले कर्मचारीमाथि प्रश्न उठाउनु भनेको आफैंमाथि प्रश्न उठाउनु हो । काम लगाउन नसकेको स्वीकार गर्नु हो । तर प्रचण्डले यस कोणबाट हेरेनन्, मनमा लागेको कुरा बोलिदिए,’ एक पूर्वप्रशासकले मध्यान्हसँग भने ।

प्रचण्डका अनुसार कर्मचारीतन्त्रलाई भयमुक्त बनाउने काम जटिल र चुनौतीपूर्ण रहेको छ । कतिपय बेला क्याबिनेटमा आउनै नपर्ने विषय पनि क्याबिनेटमा पुग्छन् र अनावश्यक जटिलता पैदा हुन्छन् । कर्मचारीहरुमा, सचिवहरुमा मनोवैज्ञानिक त्रास जस्तो देखिएको भन्दै प्रचण्डले निर्णय लिँदा अप्ठ्यारोमा परिने वा जोखिम लिँदा उल्टो हुने त्रासले हो भन्ने स्थिति रहेको महसुस गरेको भनी प्रधानमन्त्रीले सार्वजनिकरुपमै बताए । प्रधानमन्त्रीले सरकारको कामप्रति असन्तुष्टि कर्मचारीको पृष्ठ २ मा

## नक्कली भुटानी शरणार्थी प्रकरण

# धरौटीमा छुटे ६ प्रतिवादी

जिल्ला अदालत काठमाडौंका अनुसार १५ लाख धरौटी माग गरिएका टेकनाथ रिजाल भने बिहीबारसम्म धरौटी बुझाउन गएका छैनन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ मंसिर ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न रहेको आरोप लागेका ६ जना प्रतिवादी छुटेका छन् । जिल्ला अदालत काठमाडौं र सम्पत्ति शुद्धिकरण विभागमा धरौटी बुझाएर ६ जना प्रतिवादी रिहा भएका हुन् ।

यसअघि पुर्पक्षका लागि थुनामा पठाउने जिल्ला अदालत काठमाडौंको आदेशलाई बदर गर्दै उच्च अदालत पाटनले ६ जनालाई धरौटी र एक जनालाई साधरण तारिखमा रिहा गर्न आदेश दिएको थियो ।

उच्च अदालतले धरौटीमा रिहा गर्न भनेकाहरुविरुद्ध सम्पत्ति शुद्धिकरण विभाग र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको समेत अनुसन्धानमा रहेकाले ती निकायबाट पनि कागजात मिलाएर छुटेका हुन् । उनीहरुले विभागमा छुट्टै धरौटी राखेका छन् भने अख्तियारले




बोलाएको बेला उपस्थित हुने शर्तमा छाडिएका हुन् ।

केन्द्रीय कारागारका प्रमुख ललित बस्नेतका अनुसार उच्च अदालतले साधारण तारिखमा छोड्न भनेका आशिष बुढाथोकी र धरौटीमा रिहा गर्न भनेका प्रतिवादीहरु सन्दीप रायमाझी, नरेन्द्र केसी, शमशेर मियाँ, रामशरण केसी र हरिभक्त महर्जन प्रक्रिया पूरा गरेर छुटेका हुन् ।

उच्च अदालतले पूर्वउपप्रधान टोपबहादुर रायमाझीका छोरा सन्दीपलाई ३० लाख, नेपाल हज समितिका अध्यक्ष शमशेर मियाँ र नरेन्द्र केसीसँग १०/१० लाख, रामशरण केसी र हरिभक्त महर्जनसँग १५/१५ लाख धरौटी माग गरेको थियो ।

जिल्ला अदालत काठमाडौँका अनुसार १५ लाख धरौटी माग गरिएका टेकनाथ रिजालले बिहीबारसम्म धरौटी बुझाउन गएका छैनन् ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा जिल्ला अदालतको आदेशले थुनामा रहेका पूर्वगृहमन्त्री बालकृष्ण खाणको निवेदनमाथि भने मंसिर २८ गते सुनुवाइ हुनेछ । उच्च अदालत पाटनले तेस्रो न्यायाधीशसमक्ष सुनुवाइका लागि मंसिर २८ गतेको पेसी तोकेको हो ।

उच्च अदालत पाटनका प्रवक्ता तीर्थराज भट्टराईका अनुसार खाणसँग धरौटी माग गर्ने कि थुनामै पठाउने भन्ने सम्बन्धमा उक्त दिन एक न्यायाधीशको इजलासमा सुनुवाइ हुनेछ । यसअघि दुई न्यायाधीशको राय बाझिएपछि उनको निवेदन तेस्रो न्यायाधीशको इजलासमा पुगेको थियो ।

मंसिर १५ गते शुक्रबार भएको आदेशमा उच्च अदालत पाटनले ९ जना प्रतिवादीको हकमा थुनामा पठाउने काठमाडौं जिल्ला अदालतको आदेशलाई सदर गरेको थियो । त्यसैगरी ६ जना प्रतिवादीको हकमा थुनामै राख्ने काठमाडौं जिल्ला पृष्ठ २ मा

## एनसेल प्रकरण

# छानबिन समिति गठन

शेयर खरिद बिक्रीमा न्यून रकम मूल्यांकन, विदेशमा शेयर खरिद बिक्री गरी नेपाललाई दिनुपर्ने पुँजीगत लाभकर छल्न खोजिएकोले आशंका बढाएको भन्दै संसदको अर्थ समिति र सार्वजनिक लेखा समितिले सरकारको ध्यानाकर्षण गराएका छन् ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ मंसिर ।

एनसेल प्रकरण छानबिन समिति गठन भएको छ । सरकारले एनसेलको सेयर खरिद बिक्री विवादबारे छानबिन गर्न समिति गठन गरेको हो । उक्त समितिलाई ३० दिनको कार्यादेश दिइएको छ ।

सूचना तथा सञ्चार प्रविधिमन्त्री रेखा शर्माका अनुसार टंकमणि शर्मा नेतृत्वको ५ सदस्यीय छानबिन समितिलाई समग्र विषयमा अध्ययन गरी प्रतिवेदन बुझाउन ३० दिनको कार्यादेश दिइएको छ ।

बिहीवार बसेको मन्त्रीपरिषद्को बैठकले पूर्वमहालेखा परीक्षकसमेत रहेका शर्माको संयोजकत्वमा ५ सदस्यीय समिति गठन भएको थियो । समितिको सदस्यहरुमा नेपाल सरकारका सचिव फणिन्द्र गौतम, सहसचिव बाबुराम भण्डारी, सहसचिव हृदयेशकुमार शाक्य, आइक्यानका अध्यक्ष सुजनकुमार काफ्ले रहेका छन् ।

‘एनसेलको शेयरको खरिदबिक्रीका सम्बन्धमा जुन प्रश्न उठेको थियो, त्यो प्रशनको विषयमा अध्ययन गरी प्रतिवेदन पेस गर्न उच्चस्तरीय समिति निर्माण गर्ने निर्णय भएको छ’ मन्त्री शर्माले जानकारी दिइन् ।

समितिका संयोजक टंकमणि शर्माले तत्काल छानबिनको काम अघि बढाउने बताएका छन् । छानबिन समिति गठन भए लगत्तै सिंहदरबार पुगेका संयोजक दंगालले सरकारले दिएको निर्धारित समयभित्र काम सम्पन्न गर्नका लागि समितिले काम अघि बढाउने बताए ।

मन्त्रिपरिषद्को बैठकले समितिलाई एनसेलको सेयर खरिद बिक्री विवादबारे पृष्ठ २ मा



> एनसेलको शेयरको खरिदबिक्रीका सम्बन्धमा जुन प्रश्न उठेको थियो, त्यो प्रशनको विषयमा अध्ययन गरी प्रतिवेदन पेस गर्ने उच्चस्तरीय समिति निर्माण गर्ने निर्णय भएको छ ।
>
> **रेखा शर्मा**
> **प्रवक्ता, नेपाल सरकार**

## वैदेशिक रोजगार विशेष

# मलेसियामा नयाँ कामदारको ‘एप्रुभल’ तत्काल नखुल्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ मंसिर

मलेसियाले विदेशी कामदारको नयाँ एप्रुभल रोक्ने निर्णय आगामी वर्षका लागि यथावत राख्ने बताएको छ । मलेसियामा नयाँ वर्ष सन् २०२४ को शुरुवातसँगै गत मार्चदेखि रोकिएको विदेशी कामदारको एप्रुभल खुला हुने आंकलन भइरहेको अवस्थामा उक्त मुलुकले विदेशी कामदार भर्ना गर्न रोक्ने यसअघिको निर्णय आगामी वर्ष पनि यथावत रहने बताएको हो ।

मलेसियाका मानव संशाधन मन्त्री भी शिवकुमारले १२औं मलेसिया योजनाका आधारमा सन् २०२५ सम्ममा विदेशी कामदारको संख्या २४ लाखभन्दा बढी नहुने लक्ष्य राखेको र हाल मलेसियामा तोकिएको २४ लाख विदेशी कामदारको संख्या पुगेको बताए । मन्त्री शिवकुमारले १२ औं मलेसिया योजनाले तोकेको विदेशी कामदारको उपस्थिति पहिले नै मलेसियामा रहेको र आवश्यक कामदारको रि क्यालिब्रेसनलगायत कार्यक्रमबाट अवैधानिकलाई वैधानिक बनाएर पुर्ति गरिने बताए ।

बिहीबार मानव संशाधन नेताहरुको नेटवर्किङ भोजमा सहभागी भएपछि पत्रकार सम्मेलनमा उनले भनेका छन्, ‘हामी केही समयका लागि कुनै नयाँ कोटा घोषणा गर्दैनौं । हामी भविष्यमा थप विदेशी कामदार भर्ना गर्नुपर्ने आवश्यकताको समीक्षा गर्नेछौं ।’

मलेसियामा हाल विदेशी कामदारको चाप बढी भएको र भारतीय मूलका मलेसियाली जनसंख्या २० लाखभन्दा बढी भइसकेको भन्दै पृष्ठ २ मा

### अमेरिका पठाइदिन्छु भन्दै ठग्ने न्यौपाने पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारका लागि अमेरिका पठाइदिन्छु भन्दै रकम ठगी गरेको आरोपमा एक व्यक्ति पक्राउ परेका छन् । प्रहरीले कैलालीको टिकापुर नगरपालिका वडा नं. १ घर भइ हाल काठमाडौंको कोटेश्वर बस्ने रमेश न्यौपानेलाई पक्राउ गरेको हो । न्यौपानेले पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com

२२ मंसिर २०८०, शुक्रबार
8 December 2023, Friday

# राजतन्त्र पुनःस्थापनाको कुनै सम्भावना छैनः ओली



**कास्की/मस-** नेकपा(एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीले शुरु गरेको 'झुलाघाट-चिवाभञ्ज्याङ समृद्धिका लागि संकल्प यात्रा' लोकतान्त्रिक आचरण र प्रणालीलाई बलियो बनाउनका लागि भएको बताएका छन् ।

अभियानका क्रममा बिहीबार साँझ मध्यपहाडी राजमार्गको पोखरा महानगरपालिका-२५ हेम्जामा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले राष्ट्रियता, सुशासन र समृद्धिका लागि अभियान प्रभावकारी भएको उल्लेख गरे ।

अध्यक्ष ओलीले देशमा राजतन्त्र पुनःस्थापनाको कुनै सम्भावना नभएको बताउँदै भने, 'मरेर गएको राजतन्त्र फर्किंदैन र फर्किन पनि दिइने छैन भन्ने सन्देश दिन हाम्रो संकल्प यात्रा हो । यो अभियान अहिलेको लोकतन्त्रलाई बलियो बनाउन हो, यही सन्देश दिन चाहेका छौं ।'

अध्यक्ष ओलीले अभियानका क्रममा देशका विभिन्न क्षेत्रका जनतासँग प्रत्यक्ष संवाद गरेर जनताका समस्या र विकास निर्माणका आवश्यकताका बारेमा जानकारी लिने काम गरिरहेको बताए ।

'देशभरिका जनतासँग प्रत्यक्ष भेटेर अब विकास कसरी गर्ने, कहाँको समस्या के छ ? भनेर तीन हप्ताको लगातारको यात्रा प्रारम्भ गरेका छौं । एमालेप्रति जनताको आशा, विश्वास र भरोसा छ । त्यो भरोसा हामी टुट्न दिने छैनौं, कायम राख्ने छौं', अध्यक्ष ओलीले भने । उनले एमाले सरकारमा पुगेर जनतालाई सुखी र खुसी बनाउन सम्भव छ भनेर प्रमाणित गरेको समेत बताए । अध्यक्ष ओलीले आगामी दिनमा पार्टीले समाज परिर्वतनको नेतृत्व गर्ने उल्लेख गरे ।

अभियानका क्रममा हालसम्म सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशका जनताका समस्या लिइएको बताउँदै काठमाडौंमा पुगेर गम्भीर छलफल गरी कसरी अघि बढ्ने भनेर नयाँ नीति तय गरिने अध्यक्ष ओलीको भनाइ थियो । एमाले अध्यक्ष ओलीसहितको संकल्प यात्राको टोलीलाई बिहीबार साँझ कास्की र पर्वतको सीमास्थल नयाँपुलमा बाजागाजासहित भव्य स्वागत गरिएको थियो ।

कास्की प्रवेश गरेको सो टोलीलाई मध्यपहाडी राजमार्गअन्तर्गत अन्नपूर्ण गाउँपालिकाको नागडाँडामा स्वागत गरियो भने हेम्जामा स्वागतसहित सम्बोधनको कार्यक्रम राखिएको हो ।

यात्रामा रहेको टोली शुक्रबार बिहान पोखराको अमरसिंहचोक, तालचोक र रुपा गाउँपालिकाको तालबैंसीमा स्वागत कार्यक्रममा सहभागी हुनेछ । सो टोली दिउँसो रुपा गाउँपालिकाको पिपलेबजार हुँदै लमजुङ प्रस्थान गर्ने एमाले कास्कीका अध्यक्ष मनबहादुर गुरुङले बताए ।

# राष्ट्रिय सभाको निर्वाचनमा राप्रपा सहभागी हुने



**काठमाडौं/मस-** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को केन्द्रीय कार्यसम्पादन समितिको बिहीबारको बैठकले पार्टीको नियमावली-२०८० लाई विधान मस्यौदा समितिमा पठाइ रायसहित केन्द्रीय कार्यसमितिको बैठकमा पेस गर्ने निर्णय गरेको छ ।

पार्टी केन्द्रीय कार्यालय धुम्बाराहीमा बसेको बैठकले आगामी पुस २७ गते पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवसलाई केन्द्रीय तह सहित पार्टीको सबै तहमा उत्सवका रुपमा मनाउने निर्णय गरेको छ। बैठकले आसन्न राष्ट्रिय सभाको निर्वाचनमा राप्रपा सहभागी हुने र यसका लागि अन्य दलसँग आवश्यक सहयोग जुटाउन संवाद गर्न पार्टीको राजनीतिक विभाग प्रमुख वरिष्ठ नेता उपाध्यक्ष बुद्धिमान तामाङलाई जिम्मेवारी दिने निर्णय गरेको पार्टीका प्रवक्ता तथा प्रचार विभाग प्रमुख मोहनकुमार श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार बैठकले इलाममा हुने प्रतिनिधिसभाको उपनिर्वाचनमा पार्टीको तर्फबाट आवश्यक तयारी, समन्वय र सहजीकरण गर्न पार्टीका उपाध्यक्ष हेमजङ गुरुङलाई जिम्मेवारी दिने निर्णय गरेको छ। राप्रपाको केन्द्रीय कार्यसमितिको बैठक आगामी पुस १, २ र ३ गते काठमाडौंमा बस्ने छ ।

# आगलागीबाट मृत्यु हुनेको संख्या तीन पुग्यो



**मोरङ/मस-** मोरङको विराटनगर महानगरपालिका-७ स्थित कबाडी पसलमा आगलागी हुँदा तीन जनाको मृत्यु भएको छ।

बुधबार दिउँसो अचानक आगलागी हुँदा विराटनगर-६ का ४० वर्षीय दिपक मण्डल, ५५ वर्षीया सुशीला पासवान र ६४ वर्षीय सुनिता कामतको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रञ्जनकुमार दाहालले जानकारी दिए ।

उनले पासवानको घटनास्थलमा नै मृत्यु भएको तथा मण्डलको उपचारका लागि अस्पताल लैजाने क्रममा तथा कामतको कीर्तिपुरस्थित वर्न अस्पतालमा उपचारका क्रममा बिहीबार मृत्यु भएको जानकारी दिए । आगोमा परी घाइते भएका विराटनगर-६ का ५८ वर्षीय किशोर पासवान, ६० वर्षीया रिता सरदार र कटहरी गाउँपालिका-६ की ३० वर्षीया पिंकी कामतको कीर्तिपुरस्थित वर्न अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

घाइतेहरूलाई नेपाली सेनाको एयर एम्बुलेन्सद्वारा उपचारका लागि लगिएको हो । उक्त आगो छ वटा दमकल, स्थानीय र नेपाल प्रहरीको सहयोगमा नियन्त्रण गरिएको थियो । साथै आगलागीबाट करिब रु ४० लाख बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

### महानगरपालिकाको सहयोग

विराटनगर महानगरपालिकाले आगलागीमा ज्यान गुमाएका पीडितपरिवार र घाइतेलाई राहत उपलब्ध गराउने भएको छ ।

मृत्यु भएका परिवारलाई जनही एक/एक लाख तथा घाइतेलाई ५०/५० हजार रुपैयाँ राहत महानगरपालिकाको विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने महानगरका प्रमुख नागेश कोइरालाले जानकारी दिए । महानगरपालिकाले निश्चित स्थान तोकेर मात्रै कवाडी, गोदामलगायत अन्य संवेदनशील व्यवसाय सञ्चालनको अनुमति लिनुपर्ने महानगर प्रमुख कोइरालाद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख गरिएको छ । आगामी दिनमा यस प्रकारका संवेदनशील व्यवसायजन्य सुरक्षाको मापदण्डलाई कडाइका साथ अनिवार्य लागू गरिने विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# भरतपुर महानगरलाई चीनद्वारा उच्चस्तरीय क्यामरा प्रदान



**काठमाडौं/मस-** भरतपुर भ्रमण वर्ष २०२४ लाई लक्षित गर्दै चीनको सिआन सिटीले आई प्रविधि जडित तस्बिर र दृश्य कैद गर्ने उच्चस्तरीय क्यामरा (साइडबोट) उपलब्ध गराएको छ ।

सियान सिटीका प्रतिनिधिले बिहीबार महानगरपालिकाकी मेयर रेनु दाहाललाई उक्त क्यामरा हस्तान्तरण गरेका हुन् ।

पर्यटकीय पूर्वाधार मानिने उक्त क्यामराले १० किलोमिटर टाढाका दृश्यलाई सजिलै कैद गर्न सक्ने महानगरपालिकाले जनाएको छ । महानगरका अनुसार एआई उपकरणको सहयोगले कुनै पनि दृश्यको बारेमा सजिलै जानकारी दिन सकिन्छ । यसले आँखाले नदेख्ने दृश्यलाई पनि सजिलै कैद गर्न सक्छ ।

चेम्बर अफ कर्मशका सेक्रेटरी डा. उ जिन र कग्निसर कम्पनीले भरतपुरको उपकरण राख्न सकिने पर्यटकीय स्थानमा सर्वे गर्नेछ । बाँकी स्थानमा आवश्यक उपकरण ल्याउने जनाइएको छ ।

भ्रमण वर्षमा आउने पर्यटकले यो उपकरणको प्रयोगबाट लाभ लिन सक्नेछन् । कम्पनीका अनुसार भरतपुरको पर्यटकीय गतिविधि यो उपकरणको सहयोगबाट विश्वभर प्रचार-प्रसार गर्न सकिनेछ । भरतपुरमा प्रमुख ७ पर्यटकीय गन्तव्यसहित ३ दर्जन पर्यटकीय स्थान छन् ।

# महिलाको चरित्र हत्या गर्ने पक्राउ

**काठमाडौं/मस-**नेपाल प्रहरीले सामाजिक सञ्जालमार्फत महिलाको चरित्र हत्या गरेको अभियोगमा एकजनालाई पक्राउ गरेको छ ।

प्रहरीको साइबर ब्यूरोले सामाजिक सञ्जालमार्फत चिनजान भई विभिन्न समयमा दुई जनाबीच भएको क्रियाकलापलाई तस्बिर तथा श्रव्यदृश्य सम्पादन गरी महिलाको चरित्र हत्या गर्ने चितवन रत्ननगर नगरपालिका वडा नं १० घर भई हाल काठमाडौं बस्ने ४२ वर्षीय चतुर्मान महतोलाई पक्राउ गरी बिहीबार सार्वजनिक गरेको हो । ब्यूरोका प्रवक्ता, प्रहरी उपरीक्षक पशुपतिकुमार रायले महिलाको तस्बिरलाई सम्पादन गरी महिलाको चरित्रहत्या गरेको अभियोगमा महतोलाई पक्राउ गरिएको जानकारी दिए ।

प्रहरीले महतोलाई विद्युतीय कारोबार ऐन, २०६३ अपराध अन्तर्गत पक्राउ गरी काठमाडौं जिल्ला अदालतको आदेशले सात दिनको म्याद थप गरी अनुसन्धान गरिरहेको प्रवक्ता रायले बताए ।

### मनमा...

माध्यमबाट व्यक्त गरेको बताउँछन् अर्का पूर्व प्रशासक । प्रधानमन्त्री प्रचण्ड मनमा कुरा राख्न नसक्ने नेता भएका कारणले पनि यस्तो अभिव्यक्ति आएको हुन सक्ने उनको बुझाइ छ ।

विषय गम्भीर भएता पनि बोलिदिने प्रवृत्तिले कतिपय घटनामा प्रचण्डले आलोचना पनि खेपेका छन् । तर, आलोचना सम्हाल्छन र फेरि अर्को विषयमा बोलिहाल्छन् । केही समय अगाडि प्रचण्डले सत्ता गठबन्धन जोगिएको भनी सार्वजनिकरुपमै भनेका थिए।

कोशी प्रदेश सरकार गठनमा सत्ता गठबन्धनको शीर्ष नेताहरुको निर्णय बिपरित कांग्रेसका केदार कार्कीले बिद्रोह गरेका थिए । उनको बिद्रोहलाई स्वीकार गर्दै शीर्ष नेताहरुले बिद्रोही शेखर कोइरालासँग समेत सहमति गरेका थिए । त्यसपछि उनले कोशी प्रदेशबाट गठबन्धन तोड्न खोजिएको र त्यो सफल नभएको भनी सत्ता गठबन्धन जोगिएको भनी सार्वजनिक अभिव्यक्ति दिएका थिए। उनको अभिव्यक्तिलाई लिएर कतिपयले प्रधानमन्त्रीको जिम्मेवारी देश र जनताको लागि काम गर्ने हो कि गठबन्धन जोगाएर आफू प्रधानमन्त्री भइरहने हो भनी प्रश्न उठाएका थिए ।

केही दिन अगाडि सम्पादकहरुँगको छलफलमा पनि प्रधानमन्त्री प्रचण्डले आफू लक्की (भाग्यमानी) भएको बताएका थिए। ३२ सिट आफ्नो पार्टीको भएर पनि प्रधानमन्त्री भएको र मुलुक चलाइरहेको सगौरव बताएका उनले फेरि पनि अर्को गठबन्धन नबन्ने र आफू नेतृत्वको सरकार अगाडि जाने बताए । गठबन्धन नटुट्नेमा ढुक्क रहेको उल्लेख गर्दै उनले अन्तराष्ट्रिय सन्तुलन र विकासको विषय उठाएका थिए । अन्तराष्ट्रिय सन्तुलन गर्न खोज्दा खोज्दै पनि चिनिया पक्षले आशंका गरेको पनि लुकाएनन् । टिकटक बन्द भएपछि त्यसको प्रतिक्रिया चिनिया पक्षले गम्भीर रुपमा उठाएको भन्दै उनले चिनिया चासोबारे पनि खुलासा गरे ।

चिनियाँ दवाब बढेका कारण टिकटक खोल्न आफू सकारात्मक भएको पनि प्रचण्डले सम्पादकहरुलाई बताइदिए । अर्थात, उनले राज्य तहमा भएका सूचनाहरुमा कतिपय सन्दर्भमा सार्वजनिक बोल्ने गरेका छन् ।

भारत भ्रमणमा रहेका बेला कुनै समूहले लिपुलेक भारतलाई भाडामा दिन सकिने सुझाएको प्रधानमन्त्री प्रचण्डले खुलाएका थिए । कुनै विज्ञ समूहले सुझाएको भनी सार्वजनिक गरेको भएता पनि उनले आलोचना गरे ।

प्रितम सिंहले आफूलाई प्रधानमन्त्री बनाउन भूमिका खेलेको बताउने क्रममा उनले प्रितम सिंहले आफूलाई प्रधानमन्त्री बनाउन दिल्ली दौडाह गरेको बताइदिए । यो विषयले उनीमाथि गम्भीर प्रश्न उठायो । संसदमा एमालेले जवाफ माग्यो । जवाफ दिने क्रममा उनले आफूले गलत नियतका साथ नभनेको र प्रितम सिंहले त्यस्तो बताएको स्मरण गरेको बताइदिए ।

अर्थात, प्रचण्ड पछिल्लो समय जति पनि विवाद वा प्रश्नको घेरामा परेका छन् त्यसको कारण उनकै बोली हुने गरेको छ । मनमा कुरा राख्न नसक्ने भनी कतिपयले गर्ने गरेको टिप्पणी गस्तै उनी विषयहरु सार्वजनिक गर्छन । कर्मचारीहरुको कामलाई देखाएर सरकारको कामकै टिप्पणी गर्नु पनि त्यस्तै प्रवृतिको पछिल्लो उदाहरण भएको सरोकारवालाहरु बताउँछन्।

कतिपय काम शुरु गर्न लागिएको भने पहिल्यै बोलिदिने उनको प्रवृति छ । बिहीबार मात्रै पनि उनले अर्को ठूलो भ्रष्टाचारको फाइल खोल्ने तयारीमा रहेको बताएका छन् । सानो सूचना पाए पनि स्वार्थ समूहले खेल्न सक्ने जान्दा जान्दै पनि उनी बोल्छन् ।

माओवादी केन्द्रको तारकेश्वर नगरस्तरीय कार्यकर्ता भेला तथा प्रशिक्षण कार्यक्रमलाई बिहीबार सम्बोधन गर्दै उनले भ्रष्टाचार विरोधी र सुशासन प्रवर्द्धनको सरकारको अभियान नरोकिएको दावी गरे । 'सरकारले सुशासनको पक्ष र भ्रष्टाचारविरुद्ध अभियान थालनी गरेको छ । अहिले पनि अभियान रोकिएको छैन,' प्रधानमन्त्री प्रचण्डले भनेका छन्, 'भ्रष्टाचारका गम्भीर फाइल खोलेर सुशासनको लडाईंलाई अर्को चरणमा लैजाने तयारीमा छौं ।'

नक्कली भुटानी शरणार्थीलगायत भ्रष्टाचार र अनियमितताका घटनालाई अनुसन्धान गरी एक चरणमा पुऱ्याइएको उल्लेख गर्दै उनले नेपालको इतिहासमा यो स्तरको भ्रष्टाचारविरुद्धको अभियान कहिल्यै पनि नचलेको दाबी गरे ।

मिटरब्याज र नागरिकता समस्या समाधान, विदेशमा रहेका र अनौपचारिक तथा स्वरोजगार श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने गरी सामाजिक न्यायको प्रक्रियालाई अगाडि बढाएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले सामाजिक न्याय र सुशासनका क्षेत्रमा काम गरिरहेको पनि बताएका छन् ।

### नक्कली...

अदालतको आदेश बदर गरी धरौटी माग गर्ने आदेश दिएको थियो ।

खाणको हकमा रायमाझी भएपछि बाँकी नै रहेको थियो । उच्चले अर्का मन्त्री टोपबहादुर रायमाझी, सचिव टेकनारायण पाण्डे लगायतलाई धरौटीमा रिहा गर्न अस्वीकार गरेको थियो । उनीहरुको संलग्नता अस्वीकार गर्न नसकिने दाबी उच्चको थियो। खाणको हकमा पनि एक न्यायाधीशले ३० लाख धरौटी माग सकिने राय दिएका थिए भने अर्का न्यायाधीशले खाणसँग जोडिएका धेरै कुरा देखिएको भन्दै धरौटीमा रिहा गर्न नसकिने भनेको थियो । नक्कली शरणार्थी बनाएर अमेरिका पठाउने कार्यमा संलग्न भएको भनी उच्च तहमा दायर भएको भ्रष्टाचार मुद्दा भएका कारण उच्चले पनि अधिकांश भीभीआईपीहरुलाई थुनामै पठाएको थियो ।

### एनसेल...

अध्ययन गरी १ महिनाभित्र प्रतिवेदन बुझाउन समय दिएको छ ।

नेपालमा सञ्चालित दूरसञ्चार सेवा एनसेल आजियटाले सतीशलाल आचार्य सञ्चालक रहेको स्पेक्ट्रलाइट यूके कम्पनीलाई ८० प्रतिशत शेयर बिक्री गरेको खुलेपछि विवाद उत्पन्न भएको छ। ६ खर्बमा शेयर बिक्री भएको भनिए पनि ५ सय मिलियन अमेरिकी डलर अर्थात नेपाली रुपैयाँ ६६ अर्ब हाराहारीमा बिक्री भएको कुरा आएपछि संसदीय समितिहरू तथा सरकारले यो विषयमा चासो दिएको छ ।

शेयर खरिद बिक्रीमा न्यून रकम मूल्याङ्कन, विदेशमा शेयर खरिद बिक्री गरी नेपाललाई दिनुपर्ने पुँजीगत लाभकर छल्न खोजिएकोले आशंका बढाएको भन्दै संसदको अर्थ समिति र सार्वजनिक लेखा समितिले शेयर खरिद बिक्री स्थगित गराउन सरकारको ध्यानाकर्षण गराएको छ । बुधबार बसेको संसदीय समितिले यसबारेमा छानबिन गर्नका लागि सरकारलाई निर्देशन दिनुका साथै दूरसञ्चार सम्बन्धी कानुनी व्यवस्था संशोधन गर्न पनि सरकारलाई निर्देशन दिएको छ ।

संसदीय समितिमा सांसदहरूले एनसेलको शेयर खरिद बिक्रीमा माफियाहरू मिलेर चलखेल गरी कर छल्ने र सन २०२९ पछि एनसेल कम्पनी नेपालको स्वामित्वमा आउने अवस्था रोक्न खोजेको भन्दै उच्चस्तरीय छानबिन समिति बनाउन माग गरेका थिए ।

संसदको सार्वजनिक लेखा समितिले अनुसन्धान पूरा नगरुञ्जेल एनसेलको कारोबार रोक्का गर्न समेत सरकारलाई निर्देशन समेत दिएको छ । संसदीय समितिले निर्देशन दिएको भोलीपल्ट सरकारले छानबिन समिति बनाएको हो ।

### मलेसियामा...

सञ्चारमाध्यमबाट विदेशी कामदार भित्र्याउने सरकारी नीतिको आलोचना भएको छ ।

मलेसियामा गत मार्चदेखि विदेशी कामदारको एप्रुभल दिइएको छैन । त्यसका कारण मलेसियाका ठूलादेखि मध्यमस्तरका रोजगारदाताहरुले विदेशी कामदार अभावले व्यवसाय सञ्चालनमा समस्या रहेको बताएका छन् ।

हाल मलेसियामा ५ लाखभन्दा बढी नेपाली कामदार रहेको आंकलन छ । नेपाल आउने रेमिट्यान्समा मलेसियाको हिस्सा उच्च छ भने दर्ता रहेकामध्ये ६० प्रतिशतभन्दा बढी म्यानपावर कम्पनीले मुख्यतः मलेसिया कामदार पठाउने गरेका छन् । लामो समयदेखि नयाँ एप्रुभल नखुल्दा बिजनेसविहीन जस्तै भएका म्यानपावर कम्पनीले तत्कालै मलेसियाको नयाँ एप्रुभल नखुलेको अवस्थामा थप निराशा व्यहोर्नुपर्ने अवस्था आउने कतिपय व्यवसायीको आंकलन छ ।

### अमेरिका...

गणेश अधिकारीसमेत ५ जनालाई वैदेशिक रोजगारीका लागि अमेरिका पठाइदिने प्रलोभन दिएर त्यसका लागि प्रतिव्यक्ति ३५ लाख रुपैयाँ लाग्ने बताएर पीडितहरुबाट पटक-पटक गरी ६४ लाख ४५ हजार रुपैयाँ लिएर सम्पर्कविहीन भएका थिए । अधिकारीले अमेरिका पुगेपछि प्रतिष्ठित होटलमा मासिक तीन लाख रुपैयाँ तलब हुने काम लगाइदिने विश्वास दिलाएर प्रलोभनमा पारी उक्त रकम हात पारेको प्रहरीले बताएको छ ।

पक्राउ पर्नुअघि अधिकारी बिरामी परेको भन्दै नयाँ बानेश्वरमा रहेको सिभिल अस्पतालमा भर्ना भएका थिए । प्रहरीले उनलाई अस्पतालबाट पक्राउ गरेको बताएको छ। उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले बताएको छ ।

यूएईमा रोजगार | कम्पनी: AL KAMAR AL JADEED BUILDING CLEANING SERVICES CO.
शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०८०/०८/२१ चलानी नं.: ६०२११९०१ LT. No.: 296037

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 100 | 50 | स. काममा दक्ष | 1000 | ३६,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर २९ गते (15 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

License No.: 1542/ 078/079
LOGIN INTERNATIONAL OVERSEAS RECRUITMENT PVT.LTD.
( साविक GLOBAL SAPANA OVERSEAS PVT. LTD.)
Tel: +977-1-5911074/75, Basundhara-3, Kathmandu
E-mail:- loginoverseasrecruitement@gmail.com, Hotline No: 9823815921

KUWAIT मा वैदेशिक रोजगारको अवसर

कम्पनी: MOHAMMAD AL JARRHAH EQUIPMENT AND PETROLEUM SERVICE CO. W L L
पूर्व स्वीकृत मितिः २०८०/०८/१३ चलानी नं.: ६०२१०७१६ LT. No.: 295748 शहर: Kuwait

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Boom Truck Driver | 20 | 0 | सम्बन्धित काममा दक्ष | 160 | ६८,९७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Driver | 25 | 0 | | 160 | ६८,९७६ | | | | | | | |
| 3. | Loader Operator | 10 | 0 | | 160 | ६८,९७६ | | | | | | | |
| 4. | Mobil Crane Operator | 40 | 0 | | 180 | ७७,५९८ | | | | | | | |
| 5. | Rigger | 5 | 0 | | 110 | ४७,४२१ | | | | | | | |

अन्तर्वार्ता सुर्यविनायक न.पा.वार्ड नं. १० चित्तपोल सल्लाघरी चौर, भक्तपुरमा २०८० मंसिर २९ गते (15 December 2023) मा हुनेछ ।
मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर ३० र पुस १ गते (16 & 17 December 2023) मा हुनेछ ।
रत्नमार्ग-४, विर्तामोड न.पा., झापामा २०८० पुस २ गते (18 December 2023) मा हुनेछ ।
लण्डन होटल, धरान लाइन-६, इटहरी, सुनसरीमा २०८० पुस ३ गते (19 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064
SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
Mobile: 974-6491713/ URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9801026390 | 9803126395 | 9818550053

# मानवअधिकारको उपभोग सबैले गर्न पाउनुपर्छः राष्ट्रपति



**काठमाडौं/मस–** राष्ट्रिय मानवअधिकार आयोगले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन पेस गरेको छ । शीलतनिवासमा बिहीबार आयोजित समारोहमा आयोगका अध्यक्ष तपबहादुर मगरले राष्ट्रपतिसमक्ष आयोगको वार्षिक प्रतिवेदन पेस गरेका हुन् ।

प्रतिवेदन बुझेपछि राष्ट्रपति पौडलले मानवअधिकारको सबैले उपभोग गर्न पाउनुपर्नेमा जोड दिए ।

उनले लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक हक, बालिग मताधिकार, पूर्ण प्रेस स्वतन्त्रतालगायत आधारभूत लोकतान्त्रिक मूल्य र मान्यतालाई व्यवहारमा उतारी मानवअधिकारको परिपालना गर्ने संस्कृति निर्माणतर्फ सबैको ध्यान जानुपर्नेमा जोड दिए ।

राष्ट्रपति पौडेलले विद्यालय एवं विश्वविद्यालयका पाठ्यक्रममा मानवअधिकार शिक्षा समावेश गर्नुका साथै जनचेतनाका कार्यक्रम व्यापकरूपमा सञ्चालन गर्नुपर्ने जरुरी भएको बताए ।

आयोगका अध्यक्ष तपबहादुर मगरले मानवअधिकार संस्कृति कायम गर्ने मूल ध्येयलाई ध्यानमा राखी मानवअधिकारको संरक्षण र संवर्द्धन गर्न आयोगले निरन्तर राष्ट्रिय तथा अन्तर ाष्ट्रियस्तरका सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरेर काम गरेको बताए । प्रतिवेदनमा आयोगमा परेका उजुरी, उजुरीउपर भएका छानबिन तथा अनुसन्धान विवरण, नेपाल सरकारसमक्ष गरिएका सिफारिस, मानवअधिकार संरक्षण र सवर्द्धनमा आयोगबाट वर्षभरि भएका कार्यहरूको विवरण उल्लेख गरिएको छ । साथै मानवअधिकारको संरक्षण र संवर्द्धनमा देखिएका चुनौती एवं आयोगले चाल्ने भावी कदमबारे समेत प्रतिवेदनमा समावेश गरिएको छ ।

प्रतिवेदनमा यस अवधिमा आयोगमा मानवअधिकारको उल्लंघन वा हनन् भएका जम्मा एक सय उजुरी दर्ता भएका छन् भने न्यायका लागि सम्बन्धित निकायमा पहल गरी दिन भनी दर्ता भएका एक हजार ३० वटा निवेदन उपर पत्राचार तथा पीडितलाई परामर्श सेवा प्रदान गरिएको छ । मानवअधिकारसँग सम्बन्धित विषयमा दुई सय २० पटक अनुगमन भएको छ । आयोगले पुराना र नयाँ गरी चार सय तीन उजुरीमाथि अनुसन्धान सम्पन्न गरेको छ भने १३ वटा नीतिगत र एक सय दुईवटा उजुरीगत सिफारिस गरिएको छ ।

# अस्थायी आवास निर्माणका लागि करिब दश हजार लाभग्राही यकिन



**रुकुम पश्चिम/मस–** जाजरकोट भूकम्पबाट प्रभावित रुकुम पश्चिमको आठबीसकोट नगपालिकामा अस्थायी आवास निर्माणका लागि करिब १० हजार लाभग्राही पहिचान गरिएको छ ।

भूकम्प गएको एक महिनापछि सार्वजनिक विवरणअनुसार नगरपालिकाका १४ वटै वडामा नौ हजार नौ सय ६२ घरपरिवार पहिचान भएको सो नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत मणिराज शाहले जानकारी दिए ।

शाहका अनुसार अब सोही आधारमा भूकम्पप्रभावितले अस्थायी आवास निर्माणका लागि रकम प्राप्त गर्नेछन् । यसअघि नगरपालिकाका भूकम्प प्रभावित चार हजार पाँच सयले अस्थायी आवास निर्माणका लागि रु २५ हजारका दरले रु ११ करोड २५ लाख प्राप्त गरिसकेका थिए । शाहका अनुसार अब बाँकी पाँच हजार चार सय ६२ ले पहिलो किस्ता वापतको रकम प्राप्त गर्नेछन् । नगरपालिकामा हालसम्म निर्माण भएका अस्थायी आवासको तथ्यांक संकलन भइनसकेको उनले बताए ।

केही भूकम्पपीडित अस्थायी आवासमा बसे पनि अधिकांश अझै पनि त्रिपालकै भरमा बस्न बाध्य छन् । नगरप्रमुख रवि केसीले मङ्सिरभित्र भूकम्प प्रभावित सबैलाई अस्थायी छानामुनि ल्याउने गरी काम भइरहेको बताए ।

जिल्लाका छवटै पालिकामा आठबीसकोट, चौरजहारी र मुसीकोट नगरपालिका तथा त्रिवेणी, बाँफीकोट र सानीभेरी गाउँपालिकाका भूकम्प प्रभावित १५ हजार छ सय ८९ का लागि पहिलो किस्ताबापत ३९ करोड २२ लाख २५ हजार रुपैयाँ सम्बन्धित स्थानीय तह विपद् व्यवस्थापन समितिको खातामा पठाइएको जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी हरिप्रसाद पन्तले बताए ।

# अमेरिकाबाट फिर्ता ल्याइयो २ पुरातात्विक सम्पदा




**काठमाडौं/मस–** अमेरिकाबाट दुई पुरातात्विक सम्पदा फिर्ता ल्याइएको छ । उक्त फिर्ता ल्याइएका पुरातात्विक महत्वको वस्तुलाई पुरातत्व विभागलाई हस्तान्तरण गरिएको छ । जसमा प्रस्तरको श्रीधर विष्णुको मूर्ति र साँघुमाथि उभिएको योगासन मुद्राको नारी मूर्ति अंकित काष्ठ टुँडाल रहेका छन् ।

११ औं शताब्दीको मानिएको श्रीधर विष्णुको मूर्ति ललितपुरको बुङ्मतीस्थित कोटाटोलको बाहिली हिटीबाट सन् १९८० को दशकमा हराएको विभागले बताएको छ ।

त्यस्तै १३ औं वा १४ औं शताब्दीको मानिने साँघुमाथि उभिएको योगासन मुद्राको नारी मूर्ति अंकित काष्ठ टुँडाल ललितपुरको पाटन दरबार स्क्वायर परिसरबाट हराएको थियो ।

अमेरिकाको न्यूयोर्कस्थित द मेट्रोपोलिटन म्युजियम अफ आर्टमा पुगेका ती कलात्मक वस्तुहरूको उत्पत्तिस्थल नेपाल भएको प्रमाण दिएपछि म्युजियमले नेपालमा फिर्ता दिने निर्णय गरेको पुरातत्व विभागले बिहीबार एक विज्ञप्तिमार्फत जानकारी दिएको छ ।

ती पुरातात्विक सम्पदा अमेरिकी म्युजियमले आफ्नै ढुवानी खर्चमा नेपाल पठाएको हो र म्युजियमका वरिष्ठ कलाविद् जोन स्ट्यानली गे ती सम्पदा लिएर बुधबार आफैँ नेपाल आएका थिए ।

विभिन्न समयमा नेपालबाट हराएका पुरातात्विक महत्वका सम्पदाहरू धेरै फिर्ता आउन थालेको विभागको भनाइ छ । हालसम्म संयुक्त राज्य अमेरिकाबाट मात्र ७० भन्दा बढी सम्पदा फिर्ता आएका छन् ।

बेलायत, अस्ट्रिया, अमेरिका, चीन (तिब्बत), भारत, जर्मनी, अस्ट्रेलिया र इटालीबाट गरी कुल १४३ थान मूर्ति तथा कलावस्तु फिर्ताको पहल भइसकेको विभागले विज्ञप्तिमा उल्लेख गरेको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०९/१४ मा दर्ता भएको **प्रा.लि. नं. १६०९९३** को **लक्की ल्याङ्ग्वेज एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०७/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०७/१९ मा दर्ता भएको **प्रा.लि. नं. २२७५६२** को **अर्किड ईन्जिनियरिङ कन्सल्टेन्सि प्रा.लि.** को मिति २०८०/०७/१५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९७४६४९१७१३, ईमेल :** rokayasherbahadur723@gmail.com

## Golanjor Rural Municipality
## Office of the Rural Municipal Executive
**Gwaltar-3, Sindhuli**

## Invitation for Bids

**First Date of Publication: 22nd Mangshir 2080)**

1. The Golanjor Rural Municipality invites sealed bids from the eligible bidders for the procurement of following works and goods under National Competitive Bidding (NCB) procedure:

| Contract ID No. | Description | Estimated Amount NRs. (Excluding Vat) | Minimum Bid Security Amount (NRS) | Cost for Bid document (NRs) |
|---|---|---|---|---|
| GRM/SIN/WORKS /NCB/09/080/081 | Simle Sichai Kulo Staronnati | 8827746.80 | 2,50,000.00 | 3000 |
| GRM/SIN/GOODS/ NCB/10/080/081 | The Procurement of Fabricated Steel Parts for Trail Bridge | 2798545.85 | 70,000.00 | 3000 |
| GRM/SIN/WORKS /NCB/11/080/081 | Kundule Dudhbhanjyang Dhansar Toshramkhola Road | 577251.27 | 75,000.00 | 3000 |
| GRM/SIN/WORKS /NCB/12/080/081 | Khaniyakharka Chhabis Nakajoli Deuralitar Jodne Sadak | 2209844.19 | 62,500.00 | 3000 |

2. Eligible bidders may obtain the further information and inspect the bidding documents at the office within office hours or may visit PPMO egp system website www.bolpatra.gov.np/egp.

**मलेसियामा रोजगार** | कम्पनी: **CENTURY TEXTILE ENTERPRISE** शहर: **MALAYSIA**

पूर्व स्वीकृत मितिः २०७९/१२/०८ चलानी नं.: ६०१९८५६८ LT. No.:282880 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर २९ गते (15 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

GSHR
श्रम इजाजत नं. १५८४/०७९/०८०
**Gaurishankar H. R. Solutions Private Limited**
Sinamangal, Kathmandu, Nepal. Tel : 5916185, 5917185
E-mail: info@gshr.com.np, Website: www.gshr.com.np

**KUWAIT मा वैदेशिक रोजगारको अवसर**

कम्पनी: **CHAUTARI RESTRO RESTAURANT** शहर: **Kuwait**
पूर्व स्वीकृत मितिः २०८०/०८/२१ चलानी नं.: ६०२१११०३ LT. No.: 296059

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ass. Cook | 5 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६०,३५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 7 | 0 | | 100 | ४३,११० | | | | | | | |
| 3. | Dish Washer | 8 | 0 | | 100 | ४३,११० | | | | | | | |
| 4. | Juice Maker/barista | 5 | 0 | | 120 | ५१,७३२ | | | | | | | |
| 5. | Pastry Maker | 5 | 0 | | 120 | ५१,७३२ | | | | | | | |
| 6. | Waiter/waitress | 10 | 10 | | 120 | ५१,७३२ | | | | | | | |

**मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर २९ गते (15 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064
**SHARON MANPOWER SERVICES PVT. LTD.**
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
Mobile: 974-6491713/ URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
**Mobile: 9801026390 | 9803126395 | 9818550053**

**UAE मा रोजगार** | कम्पनी: **EKTFAA SECURITY SERVICES L.L.C** शहर: **UAE**

पूर्व स्वीकृत मितिः २०८०/०८/२१ चलानी नं.: ६०२११०९९ L.T. No.: 296031

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Life Guard | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,४७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 28 | 0 | | 1200 | ४३,४७६ | | | | | | | |

**अन्तर्वार्ता होटल खुकुरी, इटहरी, सुनसरीमा २०८० मंसिर २९ गते (15 December 2023) मा हुनेछ ।**
**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर ३० गते (16 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं.: १६४८/०८०/०८१
**SECURE NEPAL JOB PLACEMENT PVT . LTD.**
Sinamangal-09, Kathmandu, Nepal,Tel: 01-4919873, 4919874. | Email: info@securenepaljobs.com |
**यसै कार्यालयको लागि PRO-3 Pax चाहिएकोले इच्छुकले कार्यालयमा सम्पर्क गर्नुहोला ।**



सम्पादकीय

## कयौंलाई कहानी लाग्ने त्यो दृष्य

बाटोमै बच्चा जन्माएको तस्वीर केही दिनयता सामाजिक सञ्जालमा भाइरल बनेको छ । बुढीनन्दा नगरपालिका–४, बाजुराकी २९ वर्षीया पानसरा रोकायाले सोमबार बारीको कुनामा बच्चा जन्माएकी थिइन् । बाटोमै शिशुलाई जन्म दिएको समाचार नेपालको सन्दर्भमा नौलो होइन । तर यसपटक भाइरल बनिरहेको तस्वीर भिन्न छ । किनकि त्यो तस्वीरमा पानसरा, उनले जन्माएकी शिशु र एक स्वास्थ्यकर्मी मात्रै छन् । सुत्केरी बनेकी पानसराका आफन्त कोही पनि त्यस तस्वीरमा देखिदैन । तस्वीरमा देखिए जस्तै सुत्केरी गराउन स्वास्थ्यचौकी लैजान पानसरालाई कसैले साथ दिएका थिएनन् । सुत्केरी ब्यथा लागेपछि उनी एक्लै स्वास्थ्यचौकी जाँदै थिइन् । एक घण्टा टाढा रहेको स्वास्थ्य चौंकी जाँदै गर्दा सुत्केरी ब्यथाले च्यापेपछि पानसरा बारीको कुनामा बसेकी थिइन् ।

लगभग असाहय बनेकी पानसरालाई स्वास्थ्य केन्द्रकी प्रमुख धर्मा चदारले भेटेकी थिइन् । कुनै काल्पनिक कथाजस्तै धर्माले पनि पानसराको शरीरमा अड्किएको शिशु निकालिन् । संयोगले धर्माले पानसरालाई भेट्नु अनि धर्माले निडरताका आमा र शिशुलाई जोगाउनु एकप्रकारले कहानी जस्तै छ । आफन्तहरूका अनुसार, पानसरालाई उनको परिवारले वास्ता नगरेकै कारण त्यस्तो दृष्य देखिने अवस्था सिर्जना भएको हो । तर परिवारले बेवास्ता गरेपनि स्वास्थ्यकर्मी धर्माको साथ पाएर सुत्केरी बनेकी पानसराको स्वास्थ्य अझै सामान्य बनिसकेको छैन । त्यसैले संकट टरिसकेको छैन । यसतर्फ आवश्यक चासो र पहलकदमी सरोकारवालाले लिन जरूरी छ । तर यो दृष्यबाट वर्तमान समाजको बहुआयमिक तथ्य सार्वजनिक हुन पुगेको छ ।

मुलुकमा विद्यमान तीन तहको सरकारमाथि प्रश्न उठेको छ । सन् २०३० भित्र शिशु र सुत्केरी आमाको मृत्युदर घटाउने उद्देश्यमाथि प्रश्न उठेको छ । किनकि अहिले पनि आमा र शिशुको सुरक्षा गर्न सरकारसँग आवश्यक कार्यक्रम नभएको पुष्टि बारीको कुनामा बच्चा जन्माइरहेको तस्वीरले गरेको छ । जबकी अहिले प्रति एक हजारमा २१ शिशुको मृत्यु हुनेगरेकोमा सन् २०३० मा १२ जनामा झार्ने सरकारले लक्ष्य लिएको छ । सुत्केरीको मृत्यु पनि प्रति एक हजारमा १६ जना छ । प्रदेश सरकार पनि संघीय सरकारकै जस्तौ सुरक्षित मातृत्वप्रति चिन्तित नरहेकै प्रमाणित भएको छ । महत्वपूर्ण प्रश्न स्थानीय सरकारमाथि छ । आँगनमै रहेको सरकारले पानसराको परिवारलाई सम्झाउन नसक्ने र पानसरालाई सुरक्षित तरिकाले सुत्केरी गराउने व्यवस्था गराउन नसकेको पुष्टि भएको छ । एकप्रकारले सिंगो मुलुक यो दृष्यबाट लज्जित हुनुपर्नेछ । कयौंलाई कहानी लाग्ने बारीको कुनामा सुत्केरी बनिरहेको दृष्य अब दोहोरिन नदिन हरेक परिवार, समाज र राज्य सचेत हुनु जरूरी छ ।

# के सिक्ने स्थानीय सरकारबाट ?

अग्रलेख



● कृष्णहरि बाँस्कोटा

संघीय शासन प्रणालीमा उदाएका सात सय ५३ पालिकाको भूमिकाबारे बेला-बेला बहस हुने गर्दछ । सामान्य नागरिकदेखि नीति निर्माण तहमा भएकासम्मले स्थानीय सरकारले गरेका कामको समीक्षा गरिरहेको पाइन्छ । सात वर्षको यो अवधिमा स्थानीय सरकारले थुप्रै काम गरेका छन् । स्थानीय सरकारले गरेका अनुसरण नै गर्न मिल्ने केही कामबारे यहाँ चर्चा गर्ने प्रयास गरिएको छ ।

### १. कृषिमा फड्को मार्ने प्रयास

नेपाल कृषि प्रधान देश हो । यसर्थ, नेपालका पालिकाहरुले खाद्यान्न, हरियो तरकार, फलफूल, माछा, मासु र दूधमा आत्मनिर्भर हुने प्रयास गरेका छन् । केही पालिकाले 'एक वडा एक उत्पादन' अभियान सञ्चालन गरेका छन् भने केहीले कृषिमा यान्त्रिकीकरण भित्र्याउन आलुको ड्याङ बनाउने मेसिन, धान काट्ने रिपर, पावर टिलर, मिनीट्र्याक्टरजस्ता उपकरणमा कम्तिमा ५० प्रतिशत अनुदान दिएका छन् ।

केही पालिकाले कृषिको सम्भाव्यता अध्ययन गराएका छन् भने केहीले माटो परीक्षण गरेका छन् । कुनै पालिकाले 'एक घर एक टनेल' कार्यक्रम सञ्चालन गरेका छन्, कुनैले कृषि उब्जनीलाई जङ्गली जनाबर, बाँदर, किरा आदिबाट जोगाउन बजेट छुट्याएका छन् । केही पालिकाले बाँदरलाई कोक्रामा हालेका छन् भने केहीले बन्दुक पड्काएर भगाएका छन् । कुनै पालिकाले बाँदरले नखाने खेती आरम्भ गरेका छन् ।

यसैगरी, केही पालिकाले फलफूलको विकासका लागि स्याउ, अनार, लिची, ओखरलगायतका बिरुवा वितरण गरेका छन् भने केही पालिकाहरुले आफ्नै नर्सरी स्थापना गरेका छन् । केहीले आलु, अलैंची, किबी, लसुन, भटमास, सिमी, स्याउ, सुन्तला, कोदो, फापर, मार्सी धान, गाईपालन, बाख्रापालन, भैंसीपालन, मौरीपालन, दूध उत्पादन वृद्धि आदिको क्षेत्र बनाएका छन् भने केहीले समर्थन मूल्यमा कृषि उत्पादन खरिद गर्न थालेका छन् । केही पालिकाले बीउमा अनुदान दिएका छन् भने कतिपयले सुन्तला महोत्सव गरी स्थानीय उत्पादनको बजार खोजी गरेका छन् ।

केही पालिकाले बाँझो जमीन राख्न निषेध गरेका छन् भने केहीले भूमि बैंकको अवधारणा कार्यान्वनमा ल्याएका छन् । केही पालिकाले सहकारीका सुपथ मूल्य पसल एवम् सहकारी एग्रोभेट सञ्चालन गर्न अनुदान दिएका छन् भने केहीले सहकारी र सामूहिक खेती अभियान आरम्भ गरेका छन् । केही पालिकाले हरेक वडामा कृषि र पशु स्वास्थ्य प्राविधिक खटाएका छन् भने केहीले कृषि विषयको पढाइ आरम्भ गरेका छन् ।

### २. शिक्षामा गरिएको सुधार

केही पालिका शिक्षाको गुणस्तर सुधारमा लागिपरेका छन् भने केहीले सामुदायिक स्कूललाई नमुना तुल्याएका छन् । केहीले पोलिटेक्निकल इन्स्टिच्यूट स्थापना गरेका छन् केहीले साइन्स ल्याब खडा गरेका छन् । केहीपालिकाले स्कूलमा इ-हाजिरी र सिसी क्यामेराद्वारा निगरानी बढाएका छन् भने केहीले प्रधानाध्यापकसँग कार्यसम्पादन करार गरेका छन् । केही पालिकाले सबै प्रधानाध्यापकलाई परीक्षाको माध्यमबाट नियुक्ति गरेका छन् भने केहीले 'कमाउ र सिक' कार्यक्रम सञ्चालन गरेका छन् ।

केही पालिकाले विद्यार्थीलाई स्वीटर, ड्रेस, साइकल दिएका छन् भने केहीले सबै विद्यार्थीलाई दिवा खाजा खुवाएका छन् । केही पालिकाले वर्षेनी विद्यार्थीको स्वास्थ्य परीक्षण गराएका छन् भने केहीले विद्यार्थीको बैंक खाता अनिवार्य गरेका छन् । केही पालिकाले उत्कृष्ट अङ्क ल्याउनेलाई डाक्टर पढाएका छन् भने केहीले इन्जिनीयर पढ्न अनुदान दिएका छन् । केहीले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा पूर्णरुपमा प्रदान गरेको घोषणा गरेका छन् भने केहीले पूर्ण साक्षर पालिका घोषणा गरेका छन् ।

अधिकांश पालिकाले स्थानीय पाठ्यक्रम लागू गरेका छन् भने कैयौंले स्कूलमा कम्प्यूटर र इन्टरनेट जडान गरी सूचना प्रविधि कक्षा सञ्चालन थालेका छन् । केहीले पालिकाले सबै स्कूलका विद्यार्थीको एउटै पोषाक घोषणा गरेका छन् भने केहीले विद्यालयमा इ-लाइब्रेरी, प्राविधिक शिक्षा, प्रयोगशाला आदिको व्यवस्था गरेका छन् । केही पालिकाले सम्पूर्ण खर्चसहितको आवासीय विद्यालय सञ्चालन गरेका छन् भने केहीले विद्यालयमा प्राविधिक शाखा खडा गरेका छन् । केही पालिकाले स्कूललाई बजारबाट खरिद गरेको उपहार वितरणमा रोक लगाएका छन् भने केहीले विद्यालयमा पत्रु खाना ल्याउन निषेध गरेका छन् ।

### ३. स्वास्थ्यमा फड्को

पछिल्ला दिनमा अधिकांश पालिकाहरुले अस्पताल वा स्वास्थ्य चौकी सञ्चालनमा ल्याएका छन् । अधिकांश पालिकामा एमबिबिएस डाक्टर पुगेका छन् । केही पालिकाले घरघरमै गएर स्वास्थ्य परीक्षण गरिरहेका छन् भने केहीले वडास्तरमा स्वास्थ्य केन्द्र खडा गरेका छन् । केही पालिकाले चौबिसै घण्टा स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याएका छन् भने केहीले सबै वडामा वर्थिङ सेण्टर सञ्चालनमा ल्याएका छन् । केही पालिकाले डाक्टर, नर्स र अहेबलगायतको अध्ययनमा विशेष छात्रवृत्ति दिएका छन् भने केहीले स्वास्थ्य शिविर सञ्चालन गरिआएका छन् ।




*संघीय शासन प्रणालीमा उदाएका सात सय ५३ पालिकाको भूमिकालाई चर्चा गर्दा केही उत्साह प्राप्त हुन्छ । सात वर्षको अवधिमा स्थानीय सरकारले कृषि, शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षालगायतका क्षेत्रमा गरेका काम उदाहरणीय देखिन्छन् । कतिपय स्थानीय सरकारले गरेका अभ्यासलाई सिंगो मुलुकले अनुसरण गर्नुपर्ने देखिन्छ ।*

### ४. सुशासन प्रवर्द्धन

प्रायः सबै पालिकाले डिजिटल नागरिक वडापत्र जारी गरेका छन् । प्रायः सबैले वडा कार्यालयबाट नै सेवा प्रवाह गरेका छन् । केही पालिकाले प्रविधिमैत्री, सिसिटिभी, विद्युतीय हाजिरी, स्क्रिन सूचना पाटी, सिसी क्यामरा र विद्युतीय हाजिर जडान गरेका छन् । केही पालिकाले डिजिटल सूचना पाटी राखेका छन् भने केहीले आकर्षक सेवाग्राही सहायता कक्ष सञ्चालनमा ल्याएका छन् । केही पालिकाले अत्याधुनिक कार्यालय भवन निर्माण गरेका छन् भने केहीले सबै वडामा पनि सुविधा सम्पन्न भवन निर्माण गरेका छन् ।

केही पालिकाले अनलाइन सेवा दिएका छन् भने केही पालिकाले आफ्ना नागरिकको दुर्घटना वीमा गरेका छन् । केहीले डिजिटल पालिका घोषणा गरेका छन् भने केहीले कागजरहित पालिका बनाएका छन् । केहीले आफूलाई बेरुजुरहित पालिका घोषणा गरेका छन् भने कतिपयले चैत्रभित्रै सबै पूँजीगत बजेट खर्च गर्न सक्ने पालिकाको हैसियत प्रर्दशन गरेका छन् । कैयौ पालिकाले आफ्नो सेवालाई मोबाइल एपमा जोडेका छन् भने कैयौंले अनलाइन सेवा प्रदान गरेका छन् । केही पालिकाले बिहान-बेलुकी पनि सेवा दिएका छन् भने केहीले घरघरमै सेवा प्रवाह गरेका छन् ।

### ५. सामाजिक सुरक्षाको सन्दर्भ

